नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सङ्घिय मामिला शाखा)

सिंहदरबार, काठमाडौं

## सार्वजनिक सूचना

स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने मूल कानूनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सङ्घीयता कार्यान्वयनको हालसम्मको अभ्यास तथा अनुभवका आधारमा थप बस्तुगत बनाउन, कानूनी अस्पष्टता हटाउन तथा बाझिएका अन्य कानूनहरुसँग सामञ्जस्यता कायम गर्दै स्थानीय शासन पद्धतिलाई थप संस्थागत र सुदृढ बनाउन बाञ्छनिय रहेको छ। अत: सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय/सुझावहरुका आधारमा यस मन्त्रालयमा गठित समितिले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधन मस्यौदा यसै सूचनामा संलग्न राखी सरोकारवालाहरु सबैको राय/सुझावका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त सुझाव यस शाखाको इ-मेल ठेगाना *federal.affairs1@gmail.com* मा मिति २०८०/११/०९ गते कार्यालय समय १७:०० बजे भित्र प्राप्त हुने गरी पठाइदिनुहुन समेत अनुरोध छ।

२०८० फाल्गुण ०३ गते